## आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ३ मितिः २०८०/०५/११

भाग-२

## आठविसकोट नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,को दफा को उपदफा (३) बमोजिम आठविसकोट नगर कार्यलयबाट स्वीकृत निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ।

## स्रोतविज्ञ व्यवस्थापन,परिचालन तथा सहायता निर्देशिका, २०८०

नगर कार्यपालिकामा पेश भएको मिति: २०८०/०५/११

नगर कार्यपालिकामा पारित भएको मिति: २०८०/०५/११

प्रमाणिकरण मितिः २०८०/०५/११

# स्रोतविज्ञ व्यवस्थापन, परिचालन तथा सहायता निर्देशिका, २०८०

प्रस्तावनाः विद्यालय शिक्षामा पहुँच, गुणस्तर सक्षमतामा अभिवृद्धि गर्दै विद्यालयलाई सिकाइको केन्द्रको रुपमा विकास गर्ने, विद्यार्थीको सिकाइ सहजताका लागि शिक्षकको पेशागत विकासमा सहजीकरण गरी सहायता प्रणालीको विकास तथा परिचालन मार्फत विद्यालयको शिक्षण सिकाइमा सुधार गर्न बाञ्छनिय भएकोले,

आठविसकोट नगरपालिका नगर कार्यपालिकाले नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा १ संग सम्बन्धित अनुसूचि ८ र ९, शिक्षा ऐन, २०२८ को दफा १९, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २, विद्यालय सुपरिवेक्षण तथा पेशागत सहायता निर्देशिका २०८० को परिच्छेद ४ को दफा ९ ,आठविसकोट नगर शिक्षा ऐन, २०७४ को दफा ८ र नगर शिक्षा नियमावली, २०७४ को नियम ३७ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो निर्देशिकाको नाम स्रोत विज्ञ व्यवस्थापन, परिचालन तथा सहायता निर्देशिका, २०८० रहेको छ।

१.२ यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः**

२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) 'शिक्षा, युवा तथा खेलकुद शाखा' भन्नाले आठविसकोट नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखालाई सम्झिनु पर्दछ।

ख) ' प्रमुख प्रशासकीय अधिकृत' भन्नाले आठविसकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

ग) 'निर्देशिका' भन्नाले स्रोत विज्ञ व्यवस्थापन, परिचालन तथा सहायता निर्देशिका, २०८० सम्झनु पर्दछ।

घ) 'नगरपालिका' भन्नाले आठविसकोट नगरपालिका रुकुम पश्चिम सम्झनुपर्दछ।

ङ) 'विद्यालय' भन्नाले आठविसकोट नगरपालिका अन्तर्गत संचालित सम्पूर्ण विद्यालयहरु सम्झनुपर्दछ। सो शब्दले प्रारम्भिक बाल विकास केन्द्र समेतलाई बुझाउनेछ।

च) 'शिक्षा ऐन' भन्नाले शिक्षा ऐन, २०२८ भन्ने सम्झनुपर्दछ।

छ) 'स्रोत विज्ञ' भन्नाले शिक्षण सिकाइको सहजीकरणको लागि स्थानीय तहबाट नियुक्त स्रोत विज्ञ वा नगरपालिका भित्रका विद्यालयहरुमा कार्यरत माध्यमिक तह (कक्षा ९-१०) र नि.मा.वि. तह द्धितीय श्रेणी का स्थायी शिक्षकहरु मध्येबाट स्रोत केन्द्रमा काजमा रहेका शिक्षक भन्ने सम्झनु पर्छ।

ज) 'सहायक स्रोत विज्ञ' भन्नाले सिकाइको सहजीकरणको लागि स्थानीय तहबाट नियुक्त सहायक स्रोत विज्ञ वा प्रा.वि. तह द्धितीय श्रेणी वा नि.मा.वि. तह स्थायी शिक्षकहरु मध्येबाट स्रोत केन्द्रमा काजमा रहेका शिक्षक भन्ने सम्झनु पर्छ।

झ) 'स्रोत केन्द्र' भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत रहि नगर शिक्षा समिति वा नगर कार्यपालिकाले निर्धारण गरेको स्रोत केन्द्रलाई सम्झनुपर्छ।

## परिच्छेद -२

**३. उद्देश्यः**

**यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छन् -**

क) विद्यालयको शैक्षिक, भौतिक पक्षको मुल्याङ्कन गरी सुधारको लागी सम्बन्धित पक्षलाई पृष्ठपोषण दिने।

ख) विद्यार्थीको सिकाई उपल्बधी परीक्षण गरी शिक्षकहरुलाई सिकाइ उपलब्धी बढाउन आवश्यक सुझाव र पृष्ठपोषण दिनु।

ग) पुरस्कार र दण्ड प्रणालीलाई वस्तुपरक र यथार्थपरक बनाउनु।

घ) प्रत्येक विद्यालयहरुको सिकाई स्तर मापन गरी पृष्ठपोषण दिनु।

ङ) शिक्षक तथा विद्यालय कर्मचारी र कार्यालय सहयोगी कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनु।

च) योग्य र सक्षम स्रोत विज्ञको व्यवस्था गरी विद्यालयको प्रभावकारी निरीक्षण तथा सुपरिवेक्षण गर्नु।

छ) शिक्षण सिकाइमा सुधार गर्नु।

ज) शिक्षकको पेशागत विकास तथा सहयोग सम्बन्धी कार्य र सहजिकरण गर्नु।

झ) योग्य र सक्षम स्रोत विज्ञ व्यवस्था गरी विद्यालयको प्रभावकारी निरीक्षण तथा सुपरिवेक्षण गर्ने।

ञ) उपलब्ध शैक्षिक सेवा सुविधाको परिचालन गरी अधिकतम उपलब्धी हासिल गर्ने।

## परिच्छेद ३

**४. स्रोत केन्द्र तथा स्रोत विज्ञ सम्बन्धि व्यवस्था**

४.१) विद्यालयको शिक्षण सिकाइको अवस्थाको निरीक्षण तथा सुपरीवेक्षणको लागि पुरा समय काम गर्ने गरी स्रोत विज्ञ र सहायक स्रोत विज्ञको व्यवस्था गर्न सकिनेछ।

४.२ नगरपालिकामा रहेका ३० देखि ३५ विद्यालयहरुका लागि १ स्रोत केन्द्रको व्यवस्था गर्न सकिनेछ।

४.३ उपदफा २ बमोजिमको स्रोत केन्द्रमा १ जना स्रोत विज्ञ र १ जना सहायक स्रोत विज्ञ रहन सक्नेछ।

**५. स्रोत विज्ञ र सहायक स्रोत विज्ञको नियुक्ति सम्बन्धि व्यवस्था।**

५.१ स्रोत विज्ञ र सहायक स्रोत विज्ञ नियुक्तिका लागि सिफारिस गर्न देहायका सदस्यहरु रहेको एक स्रोत विज्ञ छनौट समिति रहनेछ –

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) नगर कार्यपालिकाले तोकेको १ जना - सदस्य

ग) इकाइ प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी १ जना - सदस्य

घ) जिल्ला भित्रको माध्यमिक तहको वरिष्ठतम शिक्षक मध्येबाट छनौट समितिले मनोनित गरेको १ जना - सदस्य

ङ) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख –सदस्य सचिव

५.२ स्रोत विज्ञ र सहायक स्रोत विज्ञ नियुक्त गर्नुपर्ने भएमा सो गर्नु अघि कम्तिमा १५ दिन अघि समय दिई सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गरी प्राप्त हुन आएका दरखास्त मध्येबाट योग्यतम व्यक्तिलाई छनौट गर्नु पर्नेछ।

५.३ स्रोत विज्ञ छनौटका आधार अनुसूचिमा व्यवस्था भए बमोजिम हुनेछ।

५.४ स्रोत विज्ञ छनौट समितिले सबैभन्दा बढि अङ्क प्राप्त गरेको दरखास्तवालालाई नियुक्तिको लागि सिफारिस गरिनेछ ।

५.५ उपदफा ४ बमोजिम छनौट भएका व्यक्तिलाई प्रमुख प्रशासकीय अधिकृतले स्रोत विज्ञ र सहायक स्रोत विज्ञको रुपमा नियुक्त गरिनेछ ।

५.६ स्रोत विज्ञ र सहायक स्रोत विज्ञको नियुक्ती गर्दा प्रत्येक वर्षको आर्थिक वर्ष सुरुहुँदा नियुक्ति नविकरण गर्ने गरि करारमा नियुक्ती गर्नु पर्ने छ ।

५.७ स्रोत विज्ञ र सहायक स्रोत विज्ञले सन्तोषजनक काम नगरेमा नगरकार्यपालिकाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले हटाउन सक्ने छ । तर हटाउनु पुर्व सफाइ पेश गर्ने अवसर दिइनेछ ।

**६. स्रोत विज्ञ र सहायक स्रोत विज्ञको योग्यता सम्बन्धि व्यवस्था**

६.१ स्रोत विज्ञको योग्यता:-१ देहाय बमोजिम योग्यता पुरा भएको व्यक्ति स्रोत विज्ञको पदमा नियुक्त हुन योग्य हुनेछ:-

क) नेपाली नागरिक
ख) २१ वर्ष उमेर पूरा भई ६५ वर्ष उमेर ननाघेको
ग) प्रचलित कानुनले अयोग्य नभएको
घ) कुनै राजनैतिक दलको सदस्य नभएको
ङ) शिक्षा शास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा अन्य विषयमा स्नातकोत्तर उतिर्ण गरी शिक्षा शास्त्रमा स्नातक तह वा दश महिने सेवाकालिन तालिम प्राप्त गरेको।
च) नि.मा.वि. तह द्धितीय वा माध्यमिक तह शिक्षक स्थायी पदमा कम्तिमा १० वर्ष अनुभव हासिल गरेको वा नेपाल शिक्षा सेवाको अधिकृत स्तरको पदमा कम्तिमा १० वर्ष सेवा गरेको ।

६.२ **साहयक स्रोतविज्ञको योग्यता**:१ देहाय बमोजिम योग्यता पुरा भएको व्यक्ति सहायक स्रोत विज्ञको पदमा नियुक्त हुन योग्य हुनेछ:-

क) नेपाली नागरिक
ख) २१ वर्ष उमेर पूरा भई ६५ वर्ष उमेर ननाघेको
ग) प्रचलित कानुनले अयोग्य नभएको
घ) कुनै राजनैतिक दलको सदस्य नभएको
ङ) शिक्षा शास्त्रमा स्नातक उपाधि प्राप्त गरेको वा अन्य विषयमा स्नातक उतिर्ण गरी शिक्षा शास्त्रमा स्नातक तह वा दश महिने सेवाकालिन तालिम प्राप्त गरेको
च) प्रा.वि. तह द्धितीय वा निम्नमाध्यमिक तह शिक्षक स्थायी पदमा कम्तिमा ७ वर्ष अनुभव हासिल गरेको वा नेपाल शिक्षा सेवाको सहायक स्तरको पदमा कम्तिमा ७ वर्ष सेवा गरेको

६.३ **स्रोत विज्ञ र सहायक स्रोत विज्ञको काम र कर्तव्य**

**१. स्रोत विज्ञको काम र कर्तव्य देहाय बमोजिम हुनेछः**

क) स्रोत विज्ञ सामान्य तया प्रशासनिक रुपमा नगर शिक्षा समिति प्रति कार्यक्रमगत रुपमा सम्बन्धित स्थानीय तहको शिक्षा शाखा प्रमुख प्रति अनुगमन प्रतिवेदन तथा समन्वयको लागि स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइ प्रति उत्तरदायी रहनु पर्नेछ ।
ख) तोकिएको क्षेत्रको समूह विद्यालयमा शिक्षक सहयोग सम्बन्धी प्राविधिक सहयोग गर्ने र क्षमता अभिवृद्धि गर्न सहजकर्ताको भूमिका निर्वाह गर्नु पर्नेछ ।

ग) सम्बन्धित स्थानीय तहको नगर शिक्षा योजना तथा विद्यालय सुधार योजना निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने ।

घ) समूह विद्यालयको सुपरिवेक्षण प्राविधिक सहयोग शिक्षक सहयोग सम्बन्धी वार्षिक कार्यक्रम बनाई नगर शिक्षा समिति र स्थानीय तहको शिक्षा शाखामा प्रतिवेदन दिने र सूचना प्रवाह गर्ने ।

ङ) निर्धारित क्षेत्र भित्रका वद्यालय शिक्षासँग सम्बन्धित सम्पुर्ण सूचनाहरु अद्यावधिक गरी राख्ने र आवश्यकता अनुसार स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने ।

च) आफ्नो क्षेत्रभित्र शैक्षिक उन्नयन तथा सुधारका लागि समूह विद्यालयहरुको सहयोग तथा सहकार्यमा आवश्यकता अनुसार अनुसन्धानात्मक रचनात्मक सहयोगात्मक र सुधारात्मक कार्यहरु सञ्चालन गर्ने गराउने ।

छ) स्थानीय/प्रदेश तहको शिक्षासँग सम्बन्धित कानून तथा संघीय कानूनले परिलक्षित गरेका विषयहरुलाई कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

ज) सिकाइ उपलब्धी वृद्धि हुने क्रियाकलापको बारेमा विद्यालयस्तरीय नियमित बैठकमा छलफल गरी योजना बनाउने ।

झ) विद्यालयलाई सिकाइ उपलब्धी वृद्धि गर्ने योजना निर्माण गर्न लगाई सो योजनाको सारांश बनाई नगर शिक्षा समितिमा उपलब्ध गराउने ।

ञ) विद्यालयले निर्माण गरेको योजना कार्यान्वयनको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।

ट) महिनामा कम्तीमा १५ ओटा विद्यालयको निरीक्षण गर्ने त्यस मध्ये कम्तिमा ५ वटा विद्यालयको सघन अनुगमन गर्ने ।

ठ) कक्षा अवलोकन गर्दा यस अघिको निर्देशन र पृष्ठपोषण कार्यान्वयनको जानकारी लिई सम्बन्धित शिक्षक र प्रधानाध्यापकसँग यस सम्बन्धमा छलफल गर्ने ।

ड) विद्यालय तथा शिक्षकलाई दिइएको निर्देशन पृष्ठपोषणको अभिलेखीकरण गरी नियमित रुपमा स्थानीय तहको शिक्षा महाशाखा वा शाखामा जानकारी गराउने ।

ढ) स्थानीय तहबाट दिइएको कार्यादेशभित्र रहि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकबाट सम्पादित कार्यको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

ण) शिक्षकको पेशागत विकासको कार्यान्वयनका सम्बन्धमा केन्द्र तथा तालिम प्रदायक सँस्थाको निर्देशनुसारका काम गर्ने ।

त) आवश्यकता अनुसार रोष्टर प्रशिक्षक छनौट गरी तालिम सञ्चालनमा सहयोग गर्ने ।

थ) शिक्षकको पेशागत विकास कार्यक्रमको संस्थागत परामर्श चरण अन्तर्गत र अन्य समयमा समेत तालिम प्राप्त शिक्षकहरुको सुपरिवेक्षण सेवा र पेसागत सहयोग उपलब्ध गराउने ।

द) सेवा क्षेत्रभित्र शिक्षकले प्रत्येक मोड्युल तालिम पुरा गरेको विवरण अद्यावधिक बनाई राख्ने र मोड्युल पुरा गर्न लगाई केन्द्र वा तालिम प्रदायक संस्थाको निर्देशानुसार प्रमाणपत्र सम्बन्धी कार्य गर्ने ।

ध) सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहले तोके बमोजिमका कार्य गर्ने ।

न) प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी र कार्यालय सहयोगीको कार्य सम्पादन मूल्याङ्कन गरी पुरस्कार र दण्डको लागि नगरपालिका कार्यपालिका समक्ष सिफारीस गर्ने ।

ऩ) स्रोत विज्ञ र सहायक स्रोत विज्ञले तोकिएको कार्य क्षेत्रका स्रोत केन्द्रमा पुरा समय काम गर्नु पर्नेछ ।

**२. सहायक स्रोत विज्ञको काम र कर्तव्य**

क) आठविसकोट नगरपालिका शिक्षा,युवा तथा खेलकुद शाखा र स्रोत केन्द्र अन्तर्गतका स्रोत विज्ञको मातहतमा रही स्रोत विज्ञको सहयोगी भइ काम गर्ने ।

ख) स्रोत विज्ञ र सहायक स्रोत विज्ञको अन्य काम र कर्तव्य करार पत्र तथा सम्बन्धित स्थानीय तहबाट निर्धारण भए बमोजिम हुनेछ । त्यसरी काम र कर्तव्य निर्धारण गर्दा निश्चित कार्य गर्ने गरी अधिकार प्रदान गर्न सकिनेछ ।

## परिच्छेद ४

७. **स्रोत विज्ञ र सहायक स्रोत विज्ञको सेवा सर्त र सुविधाहरुः**

क) स्रोत विज्ञ र सहायक स्रोत विज्ञको रुपमा काज खटिएको शिक्षकले सम्बन्धित विद्यालयबाटै खाईपाई आएको तलब भत्ता पाउनेछन ।

ख) स्रोत विज्ञ र सहायक स्रोतविज्ञको थप सुविधा नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

ग) स्रोत केन्द्रमा आवश्यक खर्च व्यवस्थापन नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

घ) विद्यालयहरु लामो विदा (वर्षे र हिउँदे) मा रहेको अवस्थामा स्रोत विज्ञ र सहायक स्रोत विज्ञहरु स्वत विदामा रहनेछन् । तर नगरपालिकाले खटाएको जुनसुकै बेला पनि काम गर्नु पर्नेछ ।

ङ) स्रोत विज्ञ र सहायक स्रोत विज्ञको हाजिरी सम्बन्धित स्रोत केन्द्रमा रहनेछ । निजहरुको हाजिरी स्रोत केन्द्र व्यवस्थापन समितिको संयोजकले प्रमाणित गरी शिक्षा युवा तथा खेलकूद शाखामा पेश गर्नु पर्नेछ ।

च) स्रोत विज्ञ र सहायक स्रोत विज्ञहरु वार्षिक तथा मासिक स्वीकृत योजना अनुसार विद्यालय अनुगमन सुपरिवेक्षणमा रहेको बखत हाजिर कापीमा काज जनाउनुपर्नेछ ।

छ) स्थायी शिक्षक बाट नियुक्त स्रोत विज्ञ र सहायक स्रोत विज्ञको हकमा स्रोत विज्ञ र सहायक स्रोत विज्ञको कार्य गरेको अवधिलाई निजको शिक्षक पदको सेवा अवधिको रुपमा गणना हुनेछ । यसले निजको वृति विकासको अवसर उपलब्ध गराउन कुनै बाधा पर्ने छैन ।

ज) स्रोत विज्ञ र सहायक स्रोत विज्ञले विदा वस्दा स्रोत केन्द्र व्यवस्थापन समितिको संयोजक वा शिक्षा युवा तथा खेलकूद शाखाबाट स्वीकृत गराइ शिक्षा अधिकृत मार्फत शिक्षा समितिमा जानकारी गराउने ।

झ) स्रोत केन्द्र व्यवस्थापन समिति र शिक्षा युवा तथा खेलकूद शाखाले ७ दिन सम्मको मात्र विदा स्वीकृत गर्न सक्नेछन् । सो भन्दा वढी समय विदा लिनु परेमा नगर शिक्षा समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

ञ) स्रोत केन्द्र व्यवस्थापन खर्चको कार्यान्वयन शिक्षा शाखाको सिफारिसमा नगर कार्यपालिकाको निर्णयनुसार हुनेछ ।

## परिच्छेद ५

### ८. स्रोत केन्द्र व्यवस्थापन समिति

**८.१** स्रोत केन्द्रको दैनिक कार्य तथा स्रोत केन्द्रको प्राज्ञिक, शैक्षिक, अनुसन्धानात्मक र रचनात्मक कार्यहरु सञ्चालनको लागि तपसिल अनुसारको स्रोत केन्द्र व्यवस्थापन समिति रहनेछ।

| | |
|---|---|
| १. सम्वन्धित स्रोत केन्द्र रहेको वडा अध्यक्षहरुमध्येबाट १ जना | - संयोजक |
| २. सम्वन्धित स्रोत केन्द्रमा रहने सवै विद्यालयका प्रधानाध्यापक | - सदस्य |
| ३. स्रोत केन्द्र रहेको क्षेत्रका सवै वडा शिक्षा समितिका संयोजक | - सदस्य |
| ४. सम्बन्धित क्षेत्रका सवै नगर शिक्षा समिति सदस्य र नगर कार्यपालिका सदस्य | - सदस्य |
| ५. स्रोत विज्ञ | - सदस्य सचिव |

८.२ भौगोलिक विकटताका कारण स्रोत केन्द्र व्यवस्थापन समितिले कार्य सम्पादनमा असहजता भएमा दफा ८ को उपदफा ८.१ बमोजिम स्रोत केन्द्र उप समिति गठन गर्न सकिनेछ।

८.३ स्रोत केन्द्र व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

### ९. सजाय सम्बन्धि व्यवस्था

**१** सजायः- उचित र प्रर्याप्त कारण भएका स्रोत विज्ञलाई देहायको विभागिय सजाय गर्न सकिनेछ।

१.१ नसिहत दिने

१.२ करार सम्झौता रद्द गर्ने

**१.१ नसिहत दिनेः-** स्रोत विज्ञको काम, कर्तव्य र अधिकार बमोजिम कार्य सम्पादन नगरेमा निजलाई नसिहत दिन सकिनेछ।

**१.२ करार सम्झौता रद्दः-** देहायको अवस्थामा स्रोत विज्ञलाई निजसंग गरिएको करार सम्झौता रद्द गर्न सकिनेछ। निजको लिएन पद भएमा उक्त लिएन पदमा फिर्ता गर्ने र शिक्षा नियमावली, २०५९ को नियम (१३५) बमोजिम कारबाही चलाउन सकिनेछ।

क) अनुशासनहिन काम गरेमा

ख) तोकिएको जिम्मेवारी पुरा नगरेमा

ग) आचरण सम्वन्धि नियम उल्लङ्घन गरेमा

घ) कार्य क्षमताको अभाव वा तोकिएको स्रोत केन्द्रमा गइ काम नगरेमा

ङ) गलत तथ्याङ्क र अभिलेख प्रमाणिकरण गरेमा वा अभिलेख (सुरक्षित नराखेमा) व्यवस्थापन नगरेमा

च) स्रोत केन्द्रभित्र प्रचलित कानुन र निर्देशनको परिपालन नभएमा वा गराउन नसकेमा

### विविध

९.१ स्रोत विज्ञ र सहायक स्रोत विज्ञ कार्यरत रहेको विद्यालयमा लियन शिक्षकको व्यवस्था रहनेछ।

९.२ नगर पालिका भरी रहने स्रोत केन्द्रहरुको संख्या, स्रोत केन्द्र रहने स्थान र स्रोत केन्द्र अन्तर्गत रहने विद्यार्थि संख्याको निर्धारण र स्रोत केन्द्रको नामाकरण नगरकार्यपालिकाको निर्णय अनुसार हुनेछ।

९.३ स्रोत विज्ञ र सहायक स्रोत विज्ञहरुको कार्यविभाजन नगरकार्यपालिकाको निर्णय अनुसार हुनेछ।

**अनुसूची**

**(दफा ६ को उपदफा (३) संग सम्बन्धित)**

**स्रोत विज्ञ र सहायक स्रोत विज्ञ छनोटका आधार**

१. स्रोत विज्ञ र सहायक स्रोत विज्ञको छनौट १०० पूर्णाङ्कको आधारमा हुनेछ ।

२. पूर्णाङ्क १०० लाई देहाय बमोजिम हुने गरी अङ्क विभाजन गरिएको छ

| | |
|---|---|
| क) प्रस्तावना | १५ |
| ख) प्रस्तुतिकरण | १० |
| ग) शैक्षिक योग्यता | १० |
| घ) नेतृत्व सीप | १० |
| ङ) कार्य अनुभव | २० |
| च) समुह छलफल | ५ |
| छ) समस्या समाधान सिप | १० |
| ज) अन्तर्वार्ता वापत | २० |
| जम्मा | १०० |

आज्ञाले

मणि राज शाह

नि.प्रमुख प्रशासकीय अधिकृत